प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र

प्रदेश नं १, सुनसरी ।

## प्रस्ताव आवहानको सूचना!

(प्रथम पटक प्रकाशित मिति २०७९/०१/०१)

यस ज्ञान केन्द्र सुनसरीको आ.व. २०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिमका शर्तहरु पालना गरी बीउ उत्पादन प्रवर्द्धन आयोजना अन्तर्गत बढीमा ५० %अनुदानमा तपसील बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि सुनसरी जिल्ला अन्तर्गतका ईच्छुक बीउ उत्पादक कृषक/कृषक समूह /बीउ बिजनसग सम्बन्धित कृषि सहकारी संस्था/सामुदायिक बीउ बैंक/बीउ कम्पनी/निजी उद्यमीहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र (मिति २०७९/०१/१५) गतेसम्म कार्यालय समय भित्र प्रस्तावना दर्ता गराउनु हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि आएका प्रस्तावहरु समावेश गरिने छैन । थप जानकारीका लागि यस कार्यालयका फोन नं. ०२५ ५६०१२४ वा मोबाईल नं. ९८५२०४४१८३ मा कार्यालय समय भित्र सम्पर्क गन हुर्नका साथै बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ कृषि ज्ञान केन्द्र सुनसरीको वेब साईट akcsunsari.p1.gov.np, doad.p1.gov.np र molmac.p1.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

तपसील

| आ.व. २०७८/०७९ | | | | रकम रु. लाखमा | |
|---|---|---|---|---|---|
| क्र.सं. | कार्यक्रमहरुको नाम | ईकाई | परिमाण | बार्षिक बजेट (प्रति इकाई उपलब्ध हुने अधिकतम अनुदान रकम रु.) | कैफियत |
| ०१ | बीउ उत्पादन, ग्रेडिङ्ग, भण्डारण, प्रशोधनमा सहयोग कार्यक्रम | संख्या | १ | १० | |
| ०२ | बीउ प्याकेजिङ्ग मेशिनमा सहयोग (बाग.वि.खर्च) | पटक/सख्या | १ | ३ | |
| ०३ | लेभलिङ्ग तथा प्याकेजिङ्ग मेशिनमा सहयोग (बाग.वि.खर्च) | पटक/सख्या | १ | १ | |

निवेदनसाथ पेश गर्नुपर्ने कागजातहरु

- रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचामा आवेदन/प्रस्तावना ।
- कृषक समूह/कृषि सहकारीको हकमा प्रोप्राईटर नियुक्तीको निर्णयको प्रतिलिपी थान १
- संस्थागत (कृषक समूह, कृषि सहकारी/फर्म आदिले रा.बा.बैंक ईनरुवाको खाता नं: १०००२०००१०००० कार्यालय कोड ३१२०११४०११ र राजश्व शिर्षक नं: १४२२९ मा प्रति आवेदन दस्तुर रु. २०० दाखिला गरेको सक्कल भौचर
- सम्बन्धित निकायमा संस्था दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी
- सम्बन्धित स्थानिय तहको कृषि विकास शाखाको सिफारिस पत्र साथै निवेदकको नेपाली नागरिकताको प्रमाण पत्र वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी
- आवेदकले स्थायी लेखा नं. (PAN) वा VAT) प्रमाण पत्रको प्रतिलिपी र गत आ.व. २०७७/०७८ को कर चुक्ताको प्रतिलिपी ।
- कार्यक्रम संचालन हुने स्थान( जग्गा/जमिन)को स्वामित्व खुल्ने जग्गा धनीपुर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गामा खेती भएमा कम्तीमा ५ वर्ष र स्थायी सरचनाको लागि कम्तिमा १० बर्षको सम्झौतानामा ।
- सम्बन्धित कृषक समूह/संस्थाको हकमा बैठकको निर्णय प्रतिलिपी साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय ।
- बीउ उत्पादन कार्य गरि रहेका कृषक /कृषक समूह /कृषि सहकारी/निजी उद्यमी लाई बिशेष ग्राहयता दिईनेछ ।
- आवेदकले दोहोरा पर्ने गरी अन्य निकायबाट अनुदान नलिएको स्व घोषणा पत्र ।
- कार्यक्रम अनुसारका बीउ बिजन उत्पादन, आपुर्ति तथा व्यवस्थापन निर्देशिका २०७८ बमोजिम माग गरिएका आवश्यक कागजातहरु पूर्णता नभएमा स्वतः रद हुनेछ ।

निल कमल सिंह
कार्यालय प्रमुख